बैठक संख्या: ।२०८२।०८३

बैठक मितिः २०८३।०३।१७ गते, समयः विहानको ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०३।१७ गते बुधबार विहान ८:०० बजे पाखीबास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सबीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री सुनिल पौडेल | प्रमुख प्रशासकीय अधिकृत | | |

**सहयोगी कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री सुवास धमला | लेखा शाखा प्रमुख | | |
| २ | श्री गोकुल घिमिरे | सुपरभाईजर | | |

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०३।१७ गते, समयः विहानको ८:०० बजे
स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**बैठकका कार्यसुचीहरु**

१) प्रस्ताव नं. १ : २ नं वडा कार्यालयको नाममा निशुल्क जग्गा प्राप्ती सम्बन्धमा ।
२) प्रस्ताव नं. २ : कार्यक्रम/योजना तथा बजेट विनियोजन तथा संसोधन सम्बन्धमा ।
३) प्रस्ताव नं. ३ : राष्टिय रोजगार कार्यक्रम बजेट संसोधन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

पाखीबास नगरपालिका वडा नं. २ लाई निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी ३५ दिने सूचना प्रकासन गरेको र उक्त सूचनालाई आधारमानी यस पाखीबास नगरपालिका वडा नं. २ बस्ने देवी बहादुर राना, दाल बहादुर राना र थर्क बहादुर रानाको संयुक्तनामा दर्ता रहेको साविक सान्ने वडा नं. ७ हाल पाखीबास नगरपालिका वडा नं. २ को कि.नं. १३८ को क्षेत्रफल ७-७-३-० को जग्गा मध्यबाट ५-०-०-० जग्गा बाटो तिरबाट(पुर्व तर्फ) यस पाखीबास नगरपालिका वडा नं. २ लाई निःशुल्क जग्गा प्रदान गर्ने भएको हुदा उक्त जग्गा २ नं वडा कार्यालयको नाममा निशुल्क प्राप्ती गर्ने निर्णय गरियो साथै उक्त जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ बमोजिम व्यवस्था भएको दफा ५ मा रहेको समितिमा भुमि प्रशासन कार्यालयलाई जग्गा दाखाका लागि स्वीकृति दिन सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

पाखीबास नगरपालिकाको १७ औं नगरसभाबाट संशोधित कार्यक्रम सवारीसाधन मर्मत खर्च शीर्कमा विनियोजित भएको रकम रु.१,००,०००।- बाट खर्च भई बाँकी रहेको रकम रु.४८,०००।- र मिति २०८२/१२/२६ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम बुढौली डाँडा देवीथान टहरा निर्माण योजना शीर्षकलाई संशोधन गरी सवारीसाधन मर्मत खर्च शीर्षकमा विनियोजित बजेट रु.५०,०००।- समेत गरी जम्मा रु.९८,०००।- बजेटलाई खोलिटार टोल विकास संस्थाको लागि स्पिकर खरिद शीर्षकमा रकमान्तर तथा संशोधन गरी खरिद प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.व. २०८२/०८३ को लागि आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालनको लागि स्थानीय तहले शत प्रतिशत रकम साझेदारी गर्नेगरी संघीय सरकारको हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) रु. ५३००००/- र पाखीबास नगरपालिकाको सत्रौ नगरसभाबाट शतप्रतिशत साझेदारीको लागि स्वीकृत रु. ५३००००/- गरी जम्मा रु. १०६००००/- (अक्षरेपी रु. दश लाख साठी हजार मात्र) मध्येबाट मिति २०८२/१२/०९ गतेको पाखीबास नगरकार्यपालिका बैठकको निर्णय अनुसार रोजगारी सिर्जना अन्तर्गत रु. १००२०००/-(अक्षरेपी रु. दश लाख दुई हजार मात्र) विनियोजन गरी १० वटै वडाका १५ जना बेरोजगार व्यक्तिहरुलाई प्रतिदिन रु. ६६८/- को दरले कम्तीमा सय दिन रोजगार दिनको लागि निर्णय भएकोमा वडा नं. ३,४,५ र ८ वडा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजनाको कार्य नभएको हुदाँ सो बाँकी रकम मध्येबाट रु. ७००००/- (अक्षरेपी रु. सत्तरी हजार मात्र) राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा सञ्चालित योजना/आयोजनाहरुको अनुगमन खर्चमा विनियोजन गर्ने निर्णय गरियो ।